# विर्तामोड नगरपालिका कार्यालय

**करारद्धारा पदपूर्तिका लागि प्रतियोगितात्मक परीक्षाको विज्ञापन**

**प्रथम पटक प्रकाशित : २०७३/०७/२०**

यस नगरपालिकामा रिक्त रहेका देहायका पदहरु प्रतियोगितात्मक परिक्षाद्धारा करारमा पदपूर्ति गर्नु पर्ने भएकोले देहायका योग्यता पुगेका नेपाली नागरिकबाट आफ्ना योग्यता, तालिम तथा अनुभवका प्रमाणहरु संलग्न राखि यस नगरपालिकाबाट स्वीकृत दरखास्त फारम पेश गर्न इच्छुक उमेदवारहरुमा आह्वान गरिन्छ ।

| क्र.सं. | विज्ञापन नं. | विज्ञापनको किसिम | माग र पद विवरण | | |
|---|---|---|---|---|---|
| | | | पद | तह | जम्मा माग पद संख्या |
| १ | १/२०७३/७४ | करार | सब-ईन्जिनियर(सिभिल) | सहायक स्तर पाचौं | २(दुई) |
| २ | २/२०७३/७४ | करार | अमिन(प्राविधिक) | सहायक स्तर चौथो | १(एक) |

**आवश्यक न्यूनतम शैक्षिक योग्यता :-**

| क्र.सं. | पद | तह | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|
| १ | सब-ईन्जिनियर(प्राविधिक | सहायक स्तर पाचौं | मान्यताप्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग तह वा सो सरह उत्तिर्ण |
| २ | अमिन(प्राविधिक) | सहायक स्तर चौथो | मान्यताप्राप्त शिक्षण संस्थाबाट गणित विषय लिई एस.एल.सी. वा सो सरह उत्तिर्ण गरी सर्भे वा नियोमेट्रिक्स विषयमा कम्तीमा एक वर्ष तालिम प्राप्त गरेको । |

**परिक्षाको किसिम :-** लिखित र अन्तरवार्ता ।
**करार अवधि :-** ६ महिना, कार्यसम्पादन राम्रो भएमा म्याद थप गर्दै लैजान सकिने ।
**परीक्षा मिति र केन्द्र :-** पछि प्रकाशन गरिनेछ ।
**परीक्षा दस्तुर :-** स.स्तर पाचौंको लागि रु.४००।-, चौथोको लागि रु.३००।- यसै कार्यालयमा बुझाउनु पर्ने छ ।
**दरखास्त दिने स्थान :-** विर्तामोड नगरपालिका कार्यालय प्रशासन शाखा ।
**दरखास्त दिने अन्तिम मिति :-** यो सूचना प्रकाशित मितिबाट १५ दिनभित्र कार्यालय समय ।
**उमेरको हद:- १८ वर्ष पुरा भै ३५ वर्ष ननाघेको ।**
**पदमा रही गर्नुपर्ने कामको विवरण :-** उक्त पदले गर्ने भनि तोकिएका कार्यहरु ।
**तलब भत्ता :-** नियमानुसार ।

- दरखास्त दिने अन्तिम मितिका दिन सार्वजनिक विदा पर्न गएमा त्यसपछि कार्यालय खुल्ने दिनलाई अन्तिम मिति मानिनेछ ।
- नेपाल भन्दा बाहिर अध्ययन गरेका उमेदवारहरुले प्राप्त गरेको प्रमाणपत्र सम्बन्धित निकायबाट समकक्षता निर्धारण गरेको पत्र दरखास्त फारमसाथ अनिवार्य पेश गर्नुपर्नेछ ।
- परीक्षाको पाठ्यक्रम र दरखास्त फारम यस न.पा.को वेबसाइट **Birtamodmun.gov.np** बाट डाउनलोड गर्नुपर्नेछ ।
- दरखास्त फारममा उमेदवार सँग सम्पर्क गर्न सकिने टेलिफोन नं. अनिवार्य उल्लेख गर्नुपर्नेछ ।

रविन्द्र प्रसाद पन्त
कार्यकारी अधिकृत